

**माननीय श्री मोहन प्रसाद बराल**

**सभापति**



**आनन्द प्रसाद अधिकारी**

**समिति सचिव**

## परिचय

सरकारलाई व्यवस्थापिका–संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भएगरेका कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देहन वा राय सल्लाह दिन व्यवस्थापिका—संसदमा गठन भएका १२ वटा विषयगत समिति मध्ये कृषि तथा जलस्रोत समिति पनि एक हो।यस समितिको कार्यक्षेत्र निम्नानुसार छन्ः

- **ऊर्जा मन्त्रालय ,**
- **कृषि विकास मन्त्रालय ,**
- **पशु पंछी विकास मन्त्रालय ,**
- **भूमिसुधार तथा व्यवस्था मन्त्रालय ,**
- **सिंचाई मन्त्रालय ।**

## समितिको काम, कर्तब्य र अधिकारः

(क) मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुको नीति, कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन जस्ता क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

(ख) मन्त्रालय, विभाग र अन्तरगतका निकायहरुको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँचगरी वार्षिक अनुमान तयार गर्ने तरीका,वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको र कममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

(ग) मन्त्रिपरिषदका सदस्यहरुले सरकारका तर्फबाट सभामा समय समयमा दिएका आश्वासनहरुलाई पूरागर्न नेपाल सरकार द्वारा के–कस्ता कदमहरु उठाइएका छन्सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

(घ) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रति वेदन पेश गर्ने।

(ङ) सरकार द्वारा प्रचलित ऐन, नियम अनुरुप भएगरेका काम कारवाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

(च) सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग, समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

(छ) बैठकले सुम्पेको अन्य काम गर्ने,

(ज) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित वजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।

(झ) माथि उल्लिखित खण्डहरु वमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरु र आवश्यक परेतत्–तत्विषयका विशेषज्ञहरु सित समेत विचारको आदान–प्रदान गर्ने।

(ञ) उल्लेखित  कामको  साथै व्यवस्थापिका–संसदबाट दफावार छलफलको लागि पठाएको विधेयकमा दफावार छलफलगरी समितिले गरेको निर्णय सहितको प्रतिवेदन सहितको विधेयक बैठकमा पेश गर्ने रहेको  छ  ।